## प्रथम नगर कार्यपालिकाको बैठक

## मितिः २०७९।०२।३१ गते मंगलबार

**छलफलका विषयहरु:**

१) परिचय तथा धन्यवाद सम्बन्धमा ।

२) विषयगत समिति गठन सम्बन्धमा ।

३) कर्मचारीको आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँड सम्बन्धमा ।

४) ठेक्का सम्बन्धमा ।

५) विविध सम्बन्धमा ।

**सम्वत् २०७९ साल जेष्ठ ३१ गते मंगलबार बसेको कार्यपालिकाको प्रथम बैठकका निर्णयहरु:**

**निर्णय नं.१**

नवनिर्वाचित कार्यपालिका सदस्यहरुबीच परिचय आदान प्रदान गर्ने तथा नगरवासी सबैलाई नगरपालिका, कार्यपालिका र जनप्रतिनिधिको तर्फबाट निर्वाचनमा उत्साहजनक सहभागिता जनाई मतदान गर्नु भएकोमा हार्दिक धन्यवाद दिने ।

**निर्णय नं.२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ तथा जीतपुरसिमरा उपमहानगरपालिकाको कार्य विभाजन नियमावली, २०७८ को नियम ४ को उपनियम (६) को अनुसूचि ५ मा भएको व्यवस्था अनुसारको विषयगत समिति तपशिल बमोजिम गठन गर्ने ।

**तपशिल:**

क) **स्थानीय राजश्व परामर्श समिति:**

- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख) — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य
- श्री बुद्ध कुमारी अधिकारी -कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना महिला- सदस्य
- श्री संजय पटेल - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना - सदस्य
- नगर उद्योग बाणिज्य संघको अध्यक्ष वा नीजले तोकेको प्रतिनिधि- सदस्य
- राजश्व शाखा प्रमुख- सदस्य-सचिब

राजन पौडेल
नगर प्रमुख

CamScanner

ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति:

- श्री राजन पौडेल (प्रमुख)- संयोजक
- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख) - सदस्य
- कार्यपालिका सदस्यहरुमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरि चार जना- सदस्य:

  १. श्री अर्जुन वि.क. - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य
  २. श्री चयन गुरुङ मगर - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य
  ३. श्री दिपेन्द्र चौधरी - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य
  ४. श्री मोतिलाल यादव - कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति:

- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख)- संयोजक
- वियषगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- योजना शाखा प्रमुख — सदस्य-सचिव

घ) अनुगमन तथा मुल्याङ्कन समिति:

- श्री भोला प्रसाद अधिकारी ( उपप्रमुख) — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- नगर प्रमुखले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट चार जना- सदस्य:

  १. श्री सुल्तान अंसारी
  २. श्री सुवास श्रेष्ठ
  ३. श्री दिपेन्द्र कुमार क्षेत्री
  ४. श्री माया देवी चौधरी
- सम्बन्धित वडाको ईञ्जिनियर — सदस्य
- आर्थिक प्रशासन महाशाखा/शाखा प्रमुख — सदस्य
- योजना तथा बजेट महाशाखा/शाखा प्रमुख — सदस्य-सचिव

राजन पौडेल
नगर प्रमुख

ङ) विधायन समितिः

- श्री भोला प्रसाद अधिकारी (उपप्रमुख) — संयोजक
- नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्यहरु मध्ये एक जना महिला सहित दुई जना-सदस्यः
  १. श्री राम प्रसाद लामिछाने
  २. श्री सुकुमाया कुमारी
- न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन शाखा प्रमुख- सदस्य-सचिव

निर्णय नं.३

आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँडसगँ सम्बन्धित कार्यविधि/मापदण्ड / कानुन बनेमा सो कानुन बमोजिम हुने गरी र उक्त कानुनी व्यवस्था नभएसम्मको लागि आन्तरिक सरुवा तथा जिम्मेवारी बाँडफाँडको सम्पूर्ण अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।

निर्णय नं.४

आ.व. २०७८।०७९ मा प्रक्रियगत रुपमा मिति २०७९।०२।२३ मा आसयको सूचना प्रकाशित गरेका शिलबन्दी बोलपत्रहरुका ठेक्काहरुलाई कार्यान्वयन गर्ने र प्राथमिक स्वास्थ्य केन्द्र, सिमरालाई स्तर वृद्धी गरी १५ सैंयाको अस्पताल निर्माण गर्न भएको ठेक्कालाई आवश्यक कानुनी प्रक्रिया पुर्याई कार्यान्वयन गर्ने तथा आ.व.२०७९।०८० को लागि गर्नु पर्ने आन्तरिक आय ठेक्कासगँ सम्बन्धित प्रक्रिया अगाडी बढाउने।

निर्णय नं.५

क. जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ६ मा मिति २०७९।०१।३० विहान भएको घटनाका मृतक राकेश भक्त पौडेल प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजन प्रति समवेदनाका साथ घटनाका दोषीहरु नउम्किउन र निर्दोषहरु नफसुन भन्ने न्यायीक मान्यताको कार्यान्वयनको लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने।

ख. जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २० मा भएको घटना प्रति खेद प्रकट गर्ने र वडा कार्यालय संचालनको लागि आवश्यक पहल गर्ने ।

ग. स्थानीय राजश्व परामर्श समितिको वैठकमा सबै वडा अध्यक्षहरुलाई आमन्त्रण गर्ने ।

घ. मिति २०७९ असाढ १० गते शुक्रवारका दिन विहान ११:०० बजे नगर सभा हुने सूचना जारी गर्ने साथै नगर सभा संचालनको कार्यतालिका प्रकाशन गर्ने ।

राजन पौडेल
नगर प्रमुख

CamScanner